आज मिति २०७६ पौष ४ गते शुक्रबार १२:१० बजे कप्तानबुर गढी गाउँपालिकाका अध्यक्ष श्री विदुर डुमागाईंको अध्यक्षतामा बसेको कार्यपालिकाको ११ औं बैठकमा देहाय बमोजिमको उपस्थितिमा तपसिलका प्रस्ताव उपर छलफल गरी तपसिल बमोजिम निर्णय गरियो।

उपस्थिती

श्री विदुर डुमागाईं - अध्यक्ष

श्री हर्कमाया राम्बा - उपाध्यक्ष

श्री भरत सिं जौ - वडा अध्यक्ष - वडा नं. १

श्री बरदान सिं. पाख्रिन : वडा अध्यक्ष - वडा नं. २

श्री भागवत घिमिरे : वडा अध्यक्ष - वडा नं. ३

श्री राम प्रसाद तिमल्सिना : वडा अध्यक्ष - वडा नं. ४

श्री जीत ब. घिमिरे : वडा अध्यक्ष - वडा नं. ५

श्री टिका प्रसाद दाहाल : वडा अध्यक्ष : वडा नं. ६

श्री सूर्य बहादुर कार्की वडा अध्यक्ष वडा नं. ७

श्री कुमार सिंह थिसिङ, वडा अध्यक्ष वडा नं. ८

श्री सुरेन्द्र सुनार, कार्यपालिका सदस्य

श्री पातलीमाया जोशी, कार्यपालिका सदस्य

श्री मधु योञ्जन कार्यपालिका सदस्य

श्री बुद्धिमाया योञ्जन कार्यपालिका सदस्य

पालिका को परीचय को ढाँचा

... को नामकरण गरीनुको विशेषता झल्काउने महत्वपूर्ण ऐतिहासिक तथ्य : मकवानपुरगढी गाउँपालिका:

... मुकाम भनियो र बिस्तारै मुकुन्दपुरमा परिणत भयो र हाल आएर मकवानपुर रह्यो, यहि

... को नाम मकवानपुरगढी रहेको हो ।

श्री चिनीमाया जुङ्गा   कार्यपालिका सदस्य   चिनी

श्री निर्मला विश्वकर्मा   कार्यपालिका सदस्य   निर्मला

श्री रामकुमार पुडासैनी - प्र.प्र.अ.

**प्रस्तावहरु**

१. कार्यविधिहरु अनुमोदन सम्वन्धमा ।
२. योजनाहरुको सम्झौता अवधि तथा कार्यान्वयन समय सिमा सम्वन्धमा ।
३. ठेक्काबाट कार्यान्वयन गरिने योजनाहरु सम्वन्धमा ।
४. अव्यवस्थित बसोबास तथा आवादी ऐलानी जग्गा नापी गर्ने तयारीका सम्वन्धमा ।
५. बाँझो जग्गा उपयोग नीति पूर्ण कार्यान्वयन गर्ने गराउने तथा बाँझो जग्गा पुनः सर्भे नापी नगर्ने सूचना जारी गर्ने सम्वन्धमा ।
६. वस्ती संरक्षण उद्धेश्यले बाँसपानी झल्ला खण्ड सामरी खोला खण्ड सामरी खोलाका ओभर वर्डेन थप निकाली सुरक्षित गर्न सम्वन्धमा ।
७. खेलमैदान निर्माण योजना सम्वन्धमा ।
८. भैपरी आउने पुँजिगत योजनाहरुका सम्वन्धमा ।
९. लघुउद्यम व्यवसाय, लागत साझेदारीका योजना तथा तालिम कार्यक्रमहरुका सम्वन्धमा ।
१०. आर्थिक सहायता सम्वन्धमा ।
११. साना सिचाईं सम्वन्धमा ।
१२. संघ तथा प्रदेशसँग पौष मसान्त भित्र समपुरक तथा विशेष अनुदान माग सम्वन्धमा ।
१३. विस्तृत परियोजना प्रतिवेदन (DPR) तयारी सम्वन्धमा ।
१४. अस्थायी दरवन्दी माग सम्वन्धमा ।
१५. टोल विकास समितिको लेखा अद्यावधिक तथा साधारणसभा सम्पन्न गराई व्यवस्थापन खर्च अनुदान दिने बारे ।
१६. स्वास्थ्य संस्था निर्माण सम्वन्धमा ।
१७. खरको छानो मुक्त अभियान सम्वन्धमा ।
१८. वैकल्पिक उर्जाको योजना सम्वन्धमा ।
१९. बाल संरक्षण नीति तथा बाल विवाह अन्त्य सम्वन्धी रणनीति स्विकृती सम्वन्धमा ।

**विविध**

- स्वास्थ्य शाखाहरुको कार्यक्रम अनुमोदन सम्वन्धमा पारीवारीक लगत संकलन १५ हजार आवश्यक, महिला स्वास्थ्य स्वएंसेविका भ्रमणमा ३० हजार थप आवश्यक अनुमोदन ।
- एक विद्यालय एक नर्सका लागि सामाग्रि खरिद
- औषधि खरिद तथा न्यानो झोला ।
- क्षयरोगको माइक्रोसकोपी क्याम्प ३ ठाउँमा गर्ने सम्वन्धमा ।
- जिन्सी निरीक्षण सम्वन्धमा ।
- प्राविधिकहरुलाई तालिम सम्वन्धमा ।
- वेलिब्रिज फ्याव्रिकेशनका लागि सडक विभागसँग अनुरोध गर्ने ।
- होमस्टे अवलोकन सम्वन्धमा ।

विदुर हुमागाईं
अध्यक्ष

Scanned with CamScanner

**निर्णयहरु**

**निर्णय नं. १ कार्यविधिहरु अनुमोदन सम्बन्धमा ।**

यस गाउँपालिकालाई व्यवस्थित संस्थागत रुपमा सञ्चालन गर्न, नीति नियम तथा कार्यविधिहरुको परिधिभित्र रहेर योजना तथा कार्यक्रमहरु सञ्चालन गर्न निर्माण भएका तपसिल बमोजिमका कार्यपालिकामा स्विकृतीका लागि पेश भएका कार्यविधिहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**तपसिल**

| सि.नं. | पारीत भएका कार्यविधिहरु | उद्धेश्य एवं औचित्य |
|---|---|---|
| १ | मकवानपुरगढी गाउँपालिका बाल अधिकार संरक्षण तथा सम्बर्द्धन कार्यविधि, २०७६ | २०७२ मा घोषणा भएको नेपालको संविधानको मौलिक हक अन्तरगत उल्लेखित बाल अधिकारका व्यवस्थाहरु तथा राज्यका निर्देशक सिद्धान्त नीति तथा दायित्वमा उल्लेखित बालबालिकाका सर्वोत्तम हितलाई कार्यान्वयनमा ल्याउन । |
| २ | मकवानपुरगढी गाउँपालिका कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०७६ | गाउँपालिकालाई प्राप्त हुने विशेष, सशर्त एवं समपुरक अनुदानका साथै गाउँपालिकाको वार्षिक रुपमा स्विकृत भई कार्यान्वयन गर्नुपर्ने योजना तथा कार्यक्रमहरुवाट नियमानुसार कट्टा गरी हुन आउने कन्टिन्जेन्सी रकमलाई व्यवस्थित, प्रभावकारी र उपयुक्त एवं मितव्ययी तरीकाले खर्च गर्न । |
| ३ | मकवानपुरगढी गाउँपालिकाको महिला समूह सञ्चालन कार्यविधि, २०७६ | सामुहिक प्रयासबाट महिलाको हित प्रवर्द्धन गर्न, महिलाको सामाजिक तथा आर्थिक विकास, महिलाको आयआर्जनमा वृद्धि गर्न, महिलाको हकहीतको रक्षा गर्न, राज्य संयन्त्रप्रति महिलाको पँहुच स्थापीत गर्न तथा महिलाहरुको उत्थान गरी समतामुलक समाजको निर्माण गर्न । |
| ४ | मकवानपुरगढी गाउँपालिकाको विद्यालय लेखापरिक्षण कार्यविधि, २०७६ | मकवानपुरगढी गाउँपालिकाभित्रका सबै सामुदायिक विद्यालयहरुको आर्थिक कार्यप्रणालीलाई नियमित, व्यवस्थित, मितव्ययी, कार्यदक्षतापूर्ण, प्रभावकारी र औचित्यपूर्ण बनाउन |

**निर्णय नं. २ योजनाहरुको सम्झौता अवधि तथा कार्यान्वयन समय सिमा सम्बन्धमा ।**

यस गाउँपालिकाको वार्षिक कार्यक्रम तथा योजनाहरु समयमै सम्पन्न गर्नका लागि गाउँपालिकाले तय गरेको कार्यतालिका बमोजिम चैत्र भित्रै सबै योजनाहरु सम्पन्न गर्न यहि पौष मसान्तभित्र सबै वडाबाट योजनाहरु सम्झौता गरिसक्नुपर्ने निर्णय गरियो । साथै पौष मसान्तभित्र सम्ममा सम्झौता हुन नसकेका योजना आगामी माघमा हुने गाउँसभाबाट पुनः विनियोजन गरिने निर्णय सर्वसम्मतीबाट गरीयो ।

**निर्णय नं. ३ ठेक्काबाट कार्यान्वयन गरिने योजनाहरु सम्बन्धमा ।**

यस गाउँपालिकालाई संघ तथा प्रदेशको शशर्त, समपुरक तथा विशेष अनुदान, जि.वि.स. मकवानपुर कोष मौज्दाद एवं स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सांसद विकास कोष) बाट प्राप्त भएका तथा

विदुर मगाईं
अध्यक्ष

Scanned with CamScanner

विनियोजन भएका तपसिल बमोजिमका योजनाहरु कार्यान्वयनका लागि सिलवन्दी बोलपत्र आव्हान गरी निर्माण प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

तपसिल

| सि.नं. | योजनाको नाम | विनियोजित बजेट | श्रोत | कैफियत |
|---|---|---|---|---|
| १ | सुकौरा सडक | ५० लाख | प्रदेश शसर्त अनुदान | |
| २ | मनकामना सडक | ५० लाख | प्रदेश सशर्त अनुदान | |
| ३ | मनकामना मन्दिर | १ करोड ४ लाख | प्रदेश समपुरक अनुदान | |
| ४ | सामुदायिक स्वास्थ्य इकाई वडा नं. १ | ३६ लाख | सशर्त स्वास्थ्य मन्त्रालय | |
| ५ | सामुदायिक स्वास्थ्य इकाई वडा नं. ४ | ३६ लाख | सशर्त स्वास्थ्य मन्त्रालय | |
| ६ | बाग्दली देविडाँडा रिटल ट्रष्ट पुल वडा नं. ६ | १ करोड ११ लाख | संघीय समपुरक अनुदान | |
| ७ | मकवानपुरगढी दरबार खानेपानी योजना वडा नं. २ | १ करोड | संघीय विशेष अनुदान | |
| ८ | १५ सैयाको अस्पताल निर्माण वडा नं. ६ | २ करोड | संघीय विशेष अनुदान | |
| ९ | वंश गोपाल प्राविधिक विद्यालय वडा नं. २ | ७६ लाख ५५ हजार ८ सय | संघीय विशेष अनुदान | |
| १० | रानिसेरा सडक | ५० लाख | संसद विकास कोष | |
| ११ | लाईन पाखा खानेपानी वडा नं. १ | ७५ लाख | जि.वि.स. मौज्दाद | |
| १२ | वासुदेव मार्ग वडा नं. ५ | ५० लाख | संसद विकास कोष | |
| १३ | वासुदेवमार्ग (तिपघाट सुकौरा खण्ड) | ३० लाख | संसद विकास कोष | |

**निर्णय नं. ४ अव्यवस्थित बसोबास तथा आवादी ऐलानी जग्गा नापी गर्ने तयारीका सम्बन्धमा ।**

यस गाउँपालिकाको विभिन्न वडामा रहेको आवादी ऐलानी जग्गाहरुका सम्बन्धमा एवं ऐलानी जग्गाहरुमा हुने अव्यवस्थित बसोवासलाई व्यवस्थित गर्नका लागि जिल्ला नापी कार्यालय, मकवानपुरका विज्ञ व्यक्ति एवं संम्वन्धित निकायका सम्वन्धित विषयमा विशेषज्ञता प्राप्त व्यक्तिलाई आमन्त्रण गरी ऐलानी जग्गा नापजाँच सम्वन्धि कार्यविधि तयार एवं स्विकृत गराई त्यस्ता जग्गा हरुको नापजाँच व्यवस्थापन गर्ने र संघीय सरकारबाट त्यस्ता जग्गाहरुका सम्बन्धमा ऐन कानुन पारीत भएपश्चात सोही कानुनको अधीनमा रही ऐलानी प्रति जग्गाहरुको जग्गा दर्ता गर्ने प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ५ बाँझो जग्गा उपयोग नीति पूर्ण कार्यान्वयन गर्ने गराउने तथा बाँझो जग्गा पुन: सर्भे नापी नगर्ने सूचना जारी गर्ने सम्बन्धमा ।**

विदुर हुमागाईं
अध्यक्ष

Scanned with CamScanner

यस गाउँपालिकाभित्रका खेतिपाती नगरी बाँझो भएका जग्गाहरुको बाँझो जग्गा उपयोग नीति बमोजिम पूर्ण रुपमा कार्यान्वयन गर्ने गराउने तथा त्यस्ता बाँझा जग्गा हरुका सम्बन्धमा पुन: सर्भे तथा नापी नगर्ने सूचना सम्बन्धीत सबैका लागि जारी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ : बस्ती संरक्षण उद्धेश्यले बाँसपानी भल्ला खण्ड सामरी खोला खण्ड सामरी खोलाका ओभर बर्डेन थप निकाली सुरक्षित गर्न सम्बन्धमा ।**

यस गाउँपालिकाको बाँसपानी भल्ला खण्ड, सामरी खोला खण्डमा रहेका वर्षातमा बाढीको समस्याबाट हुनसक्ने संकटलाई निराकरण गरी बस्तिहरु सुरक्षीत गर्नका लागि उक्त खोलाहरुमा रहेको ओभर बर्डेनहरुलाई निकाली सुरक्षित स्थानमा राखि त्यँहारिथत बरितहरुलाई संरक्षण गर्ने निर्णय गरियो । साथै यसका लागि प्राविधिक स्टमेट अनुसार कार्य गर्न स्विकृतीका लागि जिलला अनुगमन समितिमा अनुरोध सहित कार्य सम्पन्न गर्न शिवम् शिमेन्ट तथा अन्य निजि कम्पनीलाई उत्तरदायी बनाउने निर्णय समेत सर्वसम्मतीबाट गरियो ।

**निर्णय नं. ७ खेलमैदान निर्माण योजना सम्बन्धमा ।**

चालु आर्थिक वर्षका लागि स्विकृत वार्षिक अनुमान एवं योजनामध्य शिक्षा शिर्षकको ८०३३२५०५३०१ खर्च शिर्षकको सि.नं. ४९६ अन्तरगत खेलकुद मैदान निर्माण तथा संरक्षण गर्नका लागि विनियोजित १२ लाख बजेटबाट तपसिल बमोजिमका खेलकुद मैदान निर्माण गर्ने गरी रकम विनियोजन गर्ने निर्णय गरियो ।

**तपसिल**

| सि.नं. | योजनाको नाम | विनियोजीत रकम |
|---|---|---|
| १ | खेलकुद मैदान निर्माण वडा नं. ८ | ३ लाख |
| २ | ढाप खेलकुद मैदान निर्माण वडा नं. १ | २ लाख |
| ३ | डुम्रेकुना खेलकुद मैदान निर्माण वडा नं. ६ | २ लाख |
| ४ | फुटसल भवन तथा घेराबारा वडा नं. ३ | २ लाख |
| ५ | सामरी सुपारीटार खेलमैदान निर्माण वडा नं. ५ | १ लाख |
| ६ | फुलबारी खेलमैदान निर्माण | २ लाख |
| | जम्मा | १२ लाख |

**निर्णय नं. ८ : भैपरी आउने पुँजिगत योजनाहरुका सम्बन्धमा ।**

चालु आर्थिक वर्षका लागि स्विकृत वार्षिक अनुमान एवं योजनामध्य सि.नं. १७३ को भैपरी आउने पुँजिगत शिर्षकमा विनियोजीत ४० लाख बजेटबाट तपसिल बमोजिमका योजनाहरुमा रकम विनियोजन गरी कार्यान्वयनका लागि अगाडि बढाउने निर्णय गरियो ।

विदुर हुनागाई
अध्यक्ष

Scanned with CamScanner

...महत्वपूर्ण ऐतिहासिक तथ्य : मकवानपुरगढी गाउँपालिका:
...लाई मुकाम भनियो र विस्तारै मुकुन्दपुरमा परिणत भयो र हाल आएर मकवानपुर रह्यो, यहि
... नाम गाउँपालिकाको नाम मकवानपुरगढी रहेको हो ।

| सि.नं. | योजनाको नाम | विनियोजीत रकम | कैफियत |
|---|---|---|---|
| १ | सोलीथुम दमार फुलबारी कृषि सडक | ३ लाख | |
| २ | धादिङ्ग धनराज मिल बाइपास सडक | १ लाख | |
| ३ | ज्यामिरे चेपाङ्गडाँडा कृषि सडक | १ लाख | |
| ४ | सिमल्टार प्रतिक्षालय निर्माण | १ लाख | |
| ५ | पश्चिमडाँडा कृषि सडक | ३ लाख | |
| ६ | धमिले नमुना तिमल्सीना कृषि फर्म सडक निर्माण | २ लाख | |
| ७ | फुर्ले कृषि सहकारी सडक निर्माण | २ लाख | |
| ८ | धादिङ्ग पाखा ठुला सल्ले कृषि सडक | ७० हजार | |
| ९ | स्प्रिङ्गल योजना गढी ७ बतासे | ३ लाख | |
| १० | चक्रपाणी श्रीथली कृषि सडक | ४० हजार | |
| ११ | तल्लो पेटीटोल भालुखोला कृषि सडक निर्माण | ४० हजार | |
| १२ | भालुखोला धादिङ्ग सिँचाई आयोजना | २ लाख | |
| १३ | डावाङ्ग छ्योइखेल बौद्ध गुम्बा अधुरो गढी ३ | १ लाख | |
| १४ | वडा नं. ३ को वडा कार्यालय तथा विषयगत शाखा निर्माण रकम अनुमोदन | २ लाख ४० हजार | |
| १५ | हेटौडा भ्यू प्वाइन्ट निर्माण गढी-४ | २ लाख | |
| १६ | प्रभात महिला बचत तथा ऋण सहकारी गढी-८ | ३ लाख | |
| १७ | खैरनी दमार लिङ्गेडाँडा कृषि सडक, गढी-५ | १ लाख | |
| १८ | शिखर कटेरी लामिडाँडा कृषि सडक गढी-२, | ६० हजार | |
| १९ | जितपुर भञ्ज्याङ्ग रानिडाँडा सडक गढी-१ | २ लाख | |
| २० | आँपटार अम्वाटार सडक गढी १ | १ लाख | |
| २१ | छोर्देन पुनःनिर्माण गढी-५ | ५० हजार | |
| | **जम्मा विनियोजन भएको रकम** | ३३ लाख | |
| | **बाँकी बजेट** | ७ लाख | |

बिदुर हुमागाई
अध्यक्ष

**निर्णय नं. ९ : लघुउद्यम व्यवसाय तथा तालिम कार्यक्रमहरुका सम्बन्धमा ।**

यस गाउँपालिकाको लघुउद्यम व्यवसाय प्रवर्द्धन गर्न तपसिल बमोजिमका कार्यक्रमहरु नियमानुसार प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

| सि.नं. | बजेट सि.नं. | लघुउद्यम कार्यक्रम | विनियोजित बजेट |
|---|---|---|---|
| १ | ४५ | लघुउद्यम कार्यक्रम | ३० लाख |
| २ | ६४ | सिप मुलक तालिम | १० लाख |
| ३ | ५५ | स्थानीय कच्चा पदार्थमा आधारीत घरेलु उद्योग | २० लाख |
| ४ | ४३ | पि.पि.पि साझेदारी कार्यक्रम | ३० लाख |
| ५ | १७४ | लागत सहभागिता कार्यक्रम | ३० लाख |

**निर्णय नं. १० : आर्थिक सहायता सम्बन्धमा ।**

आर्थिक सहायता कार्यविधि, २०७५ बमोजिम स्वास्थ्य समस्यावाट पिडित तपसिल बमोजिमका व्यक्तिहरुलाई तपसिल बमोजिम रकम आर्थिक सहायतास्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

| सि.नं. | विरामीको नाम र ठेगाना | स्वास्थ्य समस्या | आर्थिक सहायता |
|---|---|---|---|
| १ | सुरेश सिं लो म.गढी गा.पा. १ | मृगौला विरामी | ३० हजार |
| २ | रीता कुमारी मोक्तान म.गढी गा.पा. ४ | मृगौलामा पत्थरी | २० हजार |
| ३ | मंगल बहादुर लो म.गढी गा.पा. ७ | मृगौलामा पत्थरी | २५ हजार |
| ४ | चिनीमाया लुङ्वा, गढी-६ | कार्यपालिका सदस्य | ३० हजार |
| ५ | खेमराज तिमल्सिना, गढी-५ | आँखा अपरेशन | २० हजार |
| ६ | दिपक परियार, गढी-२ | टाउको अपरेशन | २५ हजार |

विदुर हुन...

अध्यक्ष

Scanned with CamScanner

... लाई मुकाम भनियो र बिस्तारै मुकुन्दपुरमा परिणत भयो र हाल आएर मकवानपुर रहो, यहि
... गढीको नाम मकवानपुरगढी रहेको हो ।

**निर्णय नं. ११. साना सिचाई सम्बन्धमा ।**

क) यस कार्यालयको आ.व. ०७६/७७ को बार्षिक स्वीकृत कार्यक्रमको सशर्त अनुदान कार्यक्रम अन्तर्गत कृषि विकास कार्यक्रम तर्फ सहकारी सिंचाई साना सिंचाई मर्मत तथा निर्माण सम्बन्धि मिति २०७६/०५/२९ गते प्रकाशन गरिएको सूचना अनुसार तपसिल बमोजिमका कृषि सहकारी, कृषक समूह, कृषि फर्महरुबाट आवेदन प्रस्ताव दर्ता भएको जानकारी गरियो ।

| दर्ता नं | दर्ता मिति | समुह /संस्ताको नाम ,ठेगाना | सिंचाई आयोजनाको नाम | आयोजनाको किसिम | सिंचाई उपलब्ध क्षेत्रफल (रोपनी) | सिंचाई हुने क्षेत्रफल (रोपनीमा) | लामान्वित हुने घरधुरी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ०७६/०६/२७ | कुर्ले कृषि सहकारी संस्था लि मकवानपुरगढि २ | आँपखोला जल सिंचाई आयोजना | पाईप विस्तार | ६५० | ६५० | १५ | कृष्ण प्रसाद हुमागाई ९८४५८७६३२७ |
| २ | ०७६/०६/२७ | हेल्दी हार्भेष्ट फार्म, मकवानपुरगढी २ | कुर्ले कुलो सिंचाई आयोजना | कुलो निर्माण २०० मीटर | ० | २० | १ | राजकुमार श्रेष्ठ ९८४५१३६३६३ |
| ३ | ०७६/०६/२७ | वन्दडाँडा कृषक समूह, मकवानपुरगढी ४ | वन्दडाँडा सिंचाई योजना | प्लाष्टिक पोखरी र मोटर पाईप | ० | ३० | ७ | जानुका ठकुरी ९८४५६१३१२८ |
| ४ | ०७६/०६/२७ | आर.एण्ड एस. कृषि फर्म, मकवानपुरगढी ६ | आर एण्ड एस. सिंचाई योजना | ईनार मोटर र पाईप | ० | १९ | ४ | रामचन्द्र हुमागाई ९८६०४८३१६६ |
| ५ | ०७६/०६/२७ | नुब्ज लो, मकवानपुरगढी १ | लटारे खोल्सी सिंचाई आयोजना | कुलो निर्माण, पाईप सिंचाई | १५० | ३०० | ९ | ९८४५४६३४५० |
| ६ | ०७६/०६/२७ | चेतनशील कृषि सहकारी संस्था लि.मकवानपुरगढी १ | प्लाष्टिक पोखरी निर्माण योजना | प्लाष्टिक पोखरी र मोटर पाईप | ० | ३० | २३ | सूर्य बहादुर स्याङतान ९८४५४५५५३० |
| | | | | | ८०० | १०४९ | ५९ | |

कृषि क्षेत्रको व्यवसायिकता, सम्भाव्यता र स्थलगत अवलोकनको आधारमा स्वीकृत कार्यक्रमको परिधि भित्र रही सहकारी सिंचाई साना सिंचाई मर्मत तथा निर्माण कार्यक्रम संचालन गर्न ५ (पाँच) लाख रुपैया बिनियोजन भएकोमा तपसिलका कृषक समूह, सहकारी संस्था तथा कृषि फर्महरुलाई छनौट गर्ने र निम्नानुसारको रकम स्वीकृत गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

| दर्ता नं | दर्ता मिति | समुह /संस्ताको नाम ,ठेगाना | सिंचाई आयोजनाको नाम | आयोजनाको किसिम | स्वीकृत रकम रु | सिंचाई हुने क्षेत्रफल ( रोपनीमा) | लामान्वित हुने घरधुरी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ०७६/०६/२७ | कुर्ले कृषि सहकारी संस्था लि मकवानपुरगढि २ | आँपखोला जल सिंचाई आयोजना | पाईप विस्तार | १५०००० | ६५० | १५ | कृष्ण प्रसाद हुमागाई ९८४५८७६३२७ |
| ३ | ०७६/०६/२७ | वन्दडाँडा कृषक समूह, मकवानपुरगढी ४ | वन्दडाँडा सिंचाई योजना | प्लाष्टिक पोखरी र मोटर पाईप | १४०००० | ३० | ७ | जानुका ठकुरी ९८४५६१३१२८ |
| ४ | ०७६/०६/२७ | आर.एण्ड एस. कृषि फर्म, मकवानपुरगढी ६ | आर एण्ड एस. सिंचाई योजना | ईनार मोटर र पाईप | ७०००० | १९ | ४ | रामचन्द्र हुमागाई ९८६०४८३१६६ |
| | ०७६/०६/२७ | चेतनशील कृषि सहकारी संस्था लि.मकवानपुरगढी १ | प्लाष्टिक पोखरी निर्माण योजना | प्लाष्टिक पोखरी र मोटर पाईप | १४०००० | ३० | २३ | सूर्य बहादुर स्याङतान ९८४५४५५५३० |
| | | | | | ५००००० | ७२९ | ४९ | |

बिदुर हुमागाई
अध्यक्ष

(ख) यस कार्यालयको आ.व. ०७६/७७ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि विकास कार्यक्रम तर्फ साना किसानलाई पानी तान्ने पम्प अनुदान कार्यक्रम संचालन सम्बन्धि मिति २०७६/०५/२९ गते प्रकाशन गरिएको सूचना अनुसार तपसिल बमोजिमका कृषक, कृषक समूह, कृषि फर्म र कृषि सहकारीहरुबाट जम्मा २१ वटा आवेदन प्रस्ताव दर्ता भएको जानकारी गरियो ।

| दर्ता नं | दर्ता मिति | समुह /संस्ताको नाम ,ठेगाना | माग विवरण | सिंचाई हुने क्षेत्रफल (रोपनीमा) | लाभान्वित हुने घरधुरी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २०७६.०६.०७ | सिताराम बहुउदेशीय पशु तथा कृषि फर्म, मकवानपुरगढी ३ | मोटर र पाईप | २० | ३ | विष्णु प्रसाद न्यौपाने ९८६५४५४२२० |
| २ | २०७६.०६.०९ | अभियान बाखा फार्म, मकवानपुरगढी ३ | मोटर र पाईप | १० | १ | सूर्यनारायण पुडासैनी ९८४५५०३३३२ |
| ३ | २०७६.०६.१५ | पुडासैनी बहुउदेशीय कृषि तथा पशु फर्म, मकवानपुरगढी ३, मक्रानडाँडा | मोटर, पाईप र टयांकी | ३ | २ | केदार पुडासैनी ९८४५१०४८९३ |
| ४ | २०७६.०६.२३ | सम्झना कुखुरा फर्म, मकवानपुरगढी ४ | मोटर | १२ | १ | बासुदेव पौडेल ९५४५०२८६६१ |
| ५ | २०७६.०६.२४ | रेग्मी बहुउदेशीय पशु, कृषि तथा पोल्ट्री फर्म, मकवानपुरगढी ३ | मोटर र पाईप | १३ | १ | रोमनाथ रेग्मी ९८५५०७२१४७ |
| ६ | २०७६.०६.२७ | भानुचोक बहुउदेशीय कृषि फर्म, मकवानपुरगढी ३ | मोटर र पाईप | १० | १ | रेवती प्रसाद चौलागाई ९८४५९०३३८८ |
| ७ | २०७६.०६.२७ | कुर्ले कृषि सहकारी संस्था लि., मकवानपुरगढी २ | मोटर र पाईप | ० | १० | कृष्ण प्रसाद हुमागाई ९८४५८६७३२७ |
| ८ | २०७६.०६.२७ | सोम बहादुर डिम्डुङ, मकवानपुरगढी २ | मोटर र पाईप | २० | १ | ९८४५५५०४१५ |
| ९ | २०७६.०६.२७ | सिद्धिविनायक कृषि, पशु तथा पोल्ट्री फर्म, मकवानपुरगढी ३ | मोटर र पाईप | ५ | १ | भोलानाथ दाहाल ९८५५०७५२५९ |
| १० | २०७६.०६.२७ | धन बहादुर बल, मकवानपुरगढी २ | मोटर र पाईप | १.५ | १ | ९८६९११८८६५ |
| ११ | २०७६.०६.२७ | सुजल गाई फर्म, मकवानपुरगढी ३ | मोटर | २० | १ | नरेन्द्र लम्साल ९८४५०७१९५३ |
| १२ | २०७६.०६.२७ | विवेक कृषि फर्म, मकवानपुरगढी ६ | मोटर र पाईप | २० | १ | वीर बहादुर लुङ्बा ९८६९८८०४३४ |
| १३ | २०७६.०६.२७ | धुमिला कृषि फर्म, मकवानपुरगढी ६ | मोटर र पाईप | १४ | २ | धुव प्रसाद घिमिरे ९८४१४३५९५० |
| १४ | २०७६.०६.२७ | कृष्ण प्रसाद न्यौपाने, मकवानपुरगढी ३ | मोटर र पाईप | १० | १ | ९८६५०३०९३७ |
| १५ | २०७६.०६.२७ | गढीमाई बहुउदेशीय कृषि तथा पशुपालन फार्म, मकवानपुरगढी ३ | मोटर र पाईप | ५ | १ | सरु दाहाल ९८६८८२८२४५ |

...ागाई
अध्यक्ष

Scanned with CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १६ | २०७६.०६.२७ | सूर्य बहादुर स्याङतान, मकवानपुरगढी १ | थोपा सिंचाई | ० | १ | ९८४५४५५५३० |
| १७ | २०७६.०६.२७ | डिल बहादुर बोम्जन, मकवानपुरगढी १ | कत्लेखेत सिंचाई | ० | ९ | ९८६५२०५८१५ |
| १८ | २०७६.०६.२७ | बिमला कुमारी लो, मकवानपुरगढी १ | मोटर र पाईप | १० | १० | ९८४५४६०४५० |
| १९ | २०७६.०६.२७ | विवेक पोल्ट्री फर्म, मकवानपुरगढी १ | मोटर र पाईप | ० | २० | ९८४२८४१५२० |
| २० | २०७६.०६.२७ | ईन्द्र वहादुर गोले, मकवानुरगढी १ | मोटर र पाईप | १० | १० | ९८६३३८०४७६ |
| २१ | २०७६.०६.२७ | विर वहादुर लुङ्वा, मकवानपुरगढी १ | मोटर र पाईप | १० | १० | ९८४५४०४३१४ |
| | | | | १९३.५ | ६४ | |

कृषि क्षेत्रको व्यवसायिकता, सम्भाव्यता र स्थलगत अवलोकनको आधारमा स्वीकृत कार्यक्रमको परिधि भित्र रही साना किसानलाई पानी तान्ने पम्प अनुदान कार्यक्रम संचालन गर्न ५ (पाँच) लाख रुपैया विनियोजन भएकोमा तपसिल वमोजिमको दर्ता नम्वरमा रहेका कृषक, कृषक समूह, कृषि फर्म र कृषि सहकारी हरु छनौट गर्ने र निम्नानुसारको रकम स्वीकृत गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

| दर्ता नं | दर्ता मिति | समुह /संस्ताको नाम ,ठेगाना | कामको विवरण | स्वीकृत रकम रु | सिंचाई हुने क्षेत्रफल ( रोपनीमा) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २०७६.०६.०७ | सिताराम वहुउदेशीय पशु तथा कृषि फर्म, मकवानपुरगढी ३ | मोटर र पाईप | ५०००० | २० | विष्णु प्रसाद न्यौपाने ९८६५४५५४२२० |
| ३ | २०७६.०६.१५ | पुडासैनी वहुउदेशीय कृषि तथा पशु फर्म, मकवानपुरगढी ३, मक्रानडाँडा | मोटर, पाईप र टयांकी | ८०००० | ३ | केदार पुडासैनी ९८४५१०४८९३ |
| ४ | २०७६.०६.२३ | सम्झना कुखुरा फर्म, मकवानपुरगढी ४ | मोटर | ५०००० | १२ | वासुदेव पौडेल ९५४५०२८६६१ |
| ५ | २०७६.०६.२४ | रेग्मी वहुउदेशीय पशु, कृषि तथा पोल्ट्री फर्म, मकवानपुरगढी ३ | मोटर र पाईप | ६०००० | १३ | रोमनाथ रेग्मी ९८५५०७२१४७ |
| ९ | २०७६.०६.२७ | सिद्धिविनायक कृषि, पशु तथा पोल्ट्री फर्म, मकवानपुरगढी ३ | मोटर र पाईप | ५०००० | ५ | भोलानाथ दाहाल ९८५५०७५२५९ |
| १२ | २०७६.०६.२७ | विवेक कृषि फर्म, मकवानपुरगढी ६ | मोटर र पाईप | ६०००० | २० | वीर वहादुर लुङ्वा ९८६९८८०४३४ |
| १८ | २०७६.०६.२७ | विमला कुमारी लो, मकवानपुरगढी १ | मोटर र पाईप | ५०००० | १० | ९८४५४६०४५० |
| २० | २०७६.०६.२७ | ईन्द्र वहादुर गोले, मकवानुरगढी १ | मोटर र पाईप | ५०००० | १० | ९८६३३८०४७६ |
| २१ | २०७६.०६.२७ | विर वहादुर लुङ्वा, मकवानपुरगढी १ | मोटर र पाईप | ५०००० | १० | ९८४५४०४३१४ |
| | | | | ५००००० | १०३ | |

विदुर हुन्नागाई
अध्यक्ष

पालिका को परीचय को ढाँचा

को नामकरण गरीनुको विशेषता झल्काउने महत्वपूर्ण ऐतिहासिक तथ्य : मकवानपुरगढी गाउँपालिका:

मुकाम भनियो र बिस्तारै मुकुन्दपुरमा परिणत भयो र हाल आएर मकवानपुर रह्यो, यहि

गाउँपालिकाको नाम मकवानपुरगढी रहेको हो ।

**निर्णय नं. १२ : संघ तथा प्रदेशसँग पौष मसान्त भित्र समपुरक तथा विशेष अनुदान माग सम्बन्धमा ।**

आगामी आर्थिक वर्ष २०७७/७८ का लागि स्थानीय तहमा समपुरक तथा विशेष अनुदान बाँडफाँड गर्न आयोजना प्रस्ताव गर्ने भनि राष्ट्रिय योजना आयोगको मिति २०७६ पौष २ को सूचनाद्धारा आव्हान गरिएकोले यस गाउँपालिकाले आगामी आर्थिक वर्षका लागि सन्चालन गर्ने विशेष र समपुरक योजना छनौट गरी लागत अनुमान सहित तयार गर्न प्रमुख प्रशासकिय अधिकृतलाई अधिकार प्रत्यायोजन गरियो ।

**निर्णय नं. १३ : विस्तृत परियोजना प्रतिवेदन (DPR) तयारी सम्बन्धमा ।**

यस गाउँपालिकाको वडा नं. ६ स्थित डुम्रेकुनामा निर्माण हुने १५ सैयाको अस्पतालको लागि संघीय विशेष अनुदानमार्फत २ करोड सुनिश्चित भैसकेकोले उक्त अस्पतालको प्रचलित दररेटको आधारमा सवैभन्दा न्युन कवोल गर्ने परामर्शदातामार्फत DPR तयार गर्ने निर्णय गरियो । साथै सोही प्रक्रिया अनुसार गढी ३ र ६ जोड्ने स्टिल ट्रष्ट पुल, गढी ५ र ६ जोड्ने भालुखोला पुल, आवश्यक मोटरबाटो र पार्कहरुको डिपिआर तयार गरी योजना माग गर्ने निर्णय समेत गरियो ।

**निर्णय नं. १४ : अस्थायी दरवन्दी माग सम्बन्धमा ।**

यस गाउँपालिकामा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट पारीत भै पठाइएको संगठन संरचना तथा दरवन्दीमा तपसिल वमोजिम समायोजन भई हाजिरी भएका कर्मचारीहरु दरवन्दी वमोजिम पोष्टिङ्ग नभएको तथा यस गाउँपालिकामा दरवन्दी भएका अन्य पदहरुमा पनि हालसम्म कर्मचारीहरुको स्थायी पदपूर्ति भैनसकेको उक्त दरवन्दी भित्र नपरेका कर्मचारीहरुलाई कामकाज गराउँदै आइरहेको सन्दर्भमा दरवन्दी वमोजिम अन्य कर्मचारीहरुको स्थायी पदपूर्ती नभएसम्मका लागि हाल कार्यरत तपसिलका ८ जना कर्मचारीहरुका सन्दर्भमा संघीय मामिला तथा सामान्य प्रशासन समक्ष अस्थायी दरवन्दी श्रृजना गरीदिनकाले लागि अनुरोध गर्ने निर्णय गरियो ।

| सि.नं. | कर्मचारीको नाम र पद | समायोजन भएको तह | गाउँपालिकामा दरवन्दी रहे/नरहेको | अस्थायी दरवन्दी कायम गर्नुपर्ने तह |
|---|---|---|---|---|
| १ | युवराज पौडेल, ना.सु. | संघ | नरहेको | मकवानपुरगढी गाउँपालिका |
| २ | मन्दिरा थापा, म.वि.नि पाँचौ | स्थानीय तह | नरहेको | मकवानपुरगढी गाउँपालिका |
| ३ | विष्णु प्रसाद ढुंगाना, खा.पा.स.टे | स्थानीय तह | नरहेको | मकवानपुरगढी गाउँपालिका |
| ४ | सोनु खड्का, स.म.वि.नि. चौथो | स्थानीय तह | नरहेको | मकवानपुरगढी गाउँपालिका |
| ५ | सरस्वती चालीसे, स.म.वि.वि | स्थानीय तह | नरहेको | मकवानपुरगढी गाउँपालिका |
| ६ | सुमित्रापाण्डे | स्थानीय तह | नरहेको | मकवानपुरगढी गाउँपालिका |
| ७ | नारायण श्रेष्ठ, खरिदार | संघ | नरहेको | मकवानपुरगढी गाउँपालिका |
| ८ | सुरेश राई, खरिदार | प्रदेश | नरहेको | मकवानपुरगढी गाउँपालिका |

[illegible] हुमागाई

अध्यक्ष

Scanned with CamScanner

...बिस्तारै मुकुन्दपुरमा परिणत भयो र हाल आएर मकवानपुर रह्यो, यहि ... गाउँपालिकाको नाम मकवानपुरगढी रहेको हो ।

**निर्णय नं. १५ : टोल विकास समितिको लेखा अद्यावधिक तथा साधारणसभा सम्पन्न गराई व्यवस्थापन खर्च अनुदान दिने बारे ।**

गाउँपालिका अन्तरगतका वडाका मातहतमा रहने गरी सञ्चालित टोल विकास संस्थाहरुलाई आफूले सञ्चालन गरेका टोल विकास संस्थाका लेखा अद्यावधिक गर्ने तथा साधारण सभा सम्पन्न गरेकालाई तोकिए बमोजिमको व्यवस्थापन खर्च अनुदानस्वरुप उपलब्ध गराउन सकिने निर्णय गरियो ।

**निर्णय नं. १६ : स्वास्थ्य संस्था निर्माण सम्बन्धमा ।**

यस गाउँपालिकालाई स्वास्थ्य मन्त्रालयबाट स्वास्थ्य चौकी निर्माणार्थ प्राप्त भएको रु. ७२ लाख रकमबाट चालु आर्थिक वर्षका लागि वडा नं. १ र वडा नं. ४ मा स्वास्थ्य चौकी निर्माण प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. १७ : खरको छानो मुक्त अभियान सम्बन्धमा ।**

यस गाउँपालिकाले चालु आर्थिक वर्षमा विनियोजन गरेको बजेट रकम १० लाखबाट वडा नं. ४ र वडा नं. ६ का घरधुरीहरु सर्वेक्षण गरी प्राप्त खरका छाना भएका घरहरुका विवरणका आधारमा जस्तापाता खरिद गरी उक्त वडाहरुमा वितरण गरी गाउँपालिकालाई खरको छाना मुक्त गाउँपालिकाको रुपमा अभियान सुरुवात गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८ वैकल्पिक उर्जाको योजना सम्बन्धमा ।**

यस गाउँपालिकालाई प्राप्त संघीय सशर्त अनुदानतर्फ रु. १२ लाख ५५ हजार बजेटबाट सूचना जारी गरी गोबरग्यास प्लान्टका लागि विवरण संकलन गर्ने सोही विवरणको आधारमा गोबरग्यासलाई आवश्यक पर्ने सामानहरु खरिद गरी स्विकृत विवरणमा रहेका घरका व्यक्तिलाई गोबरग्यासका आवश्यक सामाग्री वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९ : बाल संरक्षण नीति तथा बाल विवाह अन्त्य सम्बन्धी रणनीति स्विकृती सम्बन्धमा ।**

यस गाउँपालिकाका कार्यपालिकाका पदाधिकारीहरु, कर्मचारीहरु, शिक्षक, विद्यार्थीहरु तथा सरोकारवालाहरुको संलग्नतामा CCDN नेपालको आयोजनामा तयार भएको मकवानपुरगढी गाउँपालिका बाल संरक्षण नीति, २०७६ **तथा मकवानपुरगढी गाउँपालिका बाल विवाह अन्त्य सम्बन्धी रणनीति**, २०७६ को प्रारम्भिक खाका स्विकृत गर्ने निर्णय गरियो । यसका लागि असहाय, अतिविपन्न, अपाङ्ग र दलितलाई प्राथमिकतामा राखि शौचालय निर्माण समेत कार्यान्वयन गर्ने गरि सूचना गर्ने निर्णय समेत सर्वसम्मतबाट गरियो ।

**निर्णय नं. २० : विविध**

देहाय वमोजिम विविध विषयहरुमा निर्णय गरीयो ।

- गाउँपालिकाभरीका सवै घरधुरीहरुको पारीवारिक लगत संकलनका लागि घरदैलो स्वास्थ्यकमी परिचालन कार्यक्रममा विनियोजन भएको ३० हजार रकम नपुग हुने प्राप्त प्रस्तावबाट देखिन आएकोले स्वास्थ्य

चिं.बु. हुनागाई
अध्यक्ष

Scanned with CamScanner

पालिका को परीचय को ढाँचा

— को नामकरण गरीनुको विशेषता झल्काउने महत्वपूर्ण ऐतिहासिक तथ्य : मकवानपुरगढी गाउँपालिका:
— मुकाम भनियो र बिस्तारै मुकुन्दपुरमा परिणत भयो र हाल आएर मकवानपुर रह्यो, यहि
— यस गाउँपालिकाको नाम मकवानपुरगढी रहेको हो ।

शिर्षकको सि.नं. ५२५ विविध खर्चमा रहेको २० हजार बजेटबाट थप १५ हजार उक्त कार्यक्रमको लागि व्यवस्थापन गर्ने साथै महिला स्वास्थ्य स्वयंसेविका भ्रमणका लागि विनियोजीत ७२ हजारले उक्त भ्रमणखर्च नपुग भएको हुँदा सम्बन्धित खर्च शिर्षकबाट नपुग हुने ३० हजार बजेट थप गरी खर्च अनुमोदन गर्ने ।

- वार्षिक नीति तथा बजेट कार्यक्रमको सि.नं. ६४३ मा विनियोजीत ५ लाखबाट एक विद्यालय एक नर्सका लागि आवश्यक सामाग्री खरिद गरी उपलब्ध गर्ने ।
- औषधी खरिदका लागि संघीय सशर्त अनुदानमा विनियोजीत रु. ८ लाख ५० हजार र वितीय समानिकरण अनुदानमा विनियोजित ३ लाख रकम गरी ११ लाख ५० हजार बजेटबाट गाउँपालिकाका सबै स्वास्थ्य चौकीहरुको मागको आधारमा विवरण तयार गरी सार्वजनिक खरिद नियमावलि, २०६४ को नियम ८४ बमोजिम सिलवन्दी दरभाउपत्र आव्हान गरी औषधी खरिद प्रक्रिया अगाडि बढाउने ।
- वार्षिक नीति तथा बजेट कार्यक्रमको सि.नं. ६०२ कार्यक्रम मातृशिशु तथा नवजात शिशु कार्यक्रम अन्तरगत आमा सुरक्षा, ANC, न्यानो झोला, Vitamin K Magnesium Sulphate, Calcium Gluconate र निशुल्क गर्भपतन कार्यक्रम अन्तरगत विनियोजीत १० लाख २ हजारबाट विवरण तयार गरी उक्त कार्यक्रम गर्ने प्रक्रिया अगाडि बढाउने ।

- क्षयरोगको माइक्रोसकोपी क्याम्प तपसिल बमोजिम ३ ठाउँमा गर्ने ।

**तपसिल**

वडा नं. १
वडा नं. २
वडा नं. ३

- गत आर्थिक वर्ष २०७५।७६ सम्म गाउँपालिकाले खरिद गरेका खप्ने तथा नखप्ने जिन्सी सामाग्रीहरु निरीक्षण गर्ने तथा चालु आर्थिक वर्षमा खरिद गरिएका खप्ने जिन्सी सामाग्रीहरुको अनुगमन गर्न गाउँपालिकाका उपाध्यक्ष श्री हर्कमाया रुम्बाको संयोजकत्वमा तपसिल बमोजिम पदाधिकारी रहेको एक जिन्सी निरीक्षण तथा अनुगमन समिति गठन गर्ने,

**<u>तपसिल</u>**

| | |
|---|---|
| उपाध्यक्ष श्री हर्कमाया रुम्बा | : संयोजक |
| वडाध्यक्ष श्री भागवत घिमिर | : सदस्य |
| वडाध्यक्ष श्री वखान सिं पाखिन | : सदस्य |
| इन्जिनियर | : सदस्य |
| जिन्सि शाखा कर्मचारी | : सदस्य-सचिव |

- इच्छुक प्राविधिक कर्मचारीहरु इन्जिनियर, सब इन्जिनियर तथा असिटेन्ट सब इन्जिनियरहरु क्षमता विकासको लागि Autocat र Microsoft Excel को विषयमा तालिम प्रदान गर्न बजेट किताबको सि.नं. २८ मा रहेको पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकास कार्यक्रमबाट खर्च हुने गरी १ लाख विनियोजन गर्ने ।

विदुर हुमागाई
अध्यक्ष

Scanned with CamScanner

...को नामकरण गरिनुको विशेषता झल्काउने महत्वपूर्ण ऐतिहासिक तथ्य : मकवानपुरगढी गाउँपालिका:
...मकवानपुरको मुकाम भनियो र बिस्तारै मुकुन्दपुरमा परिणत भयो र हाल आएर मकवानपुर रह्यो, यहि ... यस गाउँपालिकाको नाम मकवानपुरगढी रहेको हो ।

- सामरी खोलामा हालसम्म कुनैपनि पुल नरहेको र वर्षातको समयमा प्रत्येक वर्ष सामरी खोलाले मानविय क्षेती गराइरहने भएको हुँदा ताँहा विभागको मातहतमा विभिन्न जिल्लामा रहेका सडक डिभिजन कार्यालयहरुमा मौज्दाद रहेका पुराना वेलिब्रिजका पार्ट्सहरु रहेको बुझिन आएको साथै यस गाउँपालिकाले पनि चालु आर्थिक वर्षमा कार्यान्वयन हुने गरी ५० लाख विनियोजन गरेको, संघीय सरकारबाट समपुरक अनुदानस्वरुप १ करोड ११ लाख गरी जम्मा रु. १ करोड ६१ लाख रहेको र उक्त रकममा सो पुल निर्माण हुन नसक्ने कुरा विस्तृत परियोजना प्रतिवेदनबाट समेत देखिन आएकोले गाउँपालिकालाई जिन्सी सहयोगार्थ जम्मा ४० मिटर लम्बाईको सिङ्गल वेलिब्रिज फ्याब्रिकेशन उपलब्ध गराईदिएमा उक्त पुल पूर्ण रुपमा निर्माण भई प्राकृतिक प्रकोपबाट हुने मानविय क्षेती निराकरण हुने भएकोले उक्त नपुग सामान उपलब्ध गराइदिने सम्बन्धमा पुल्चोकस्थित सडक विभागमा अनुरोध गर्ने ।
- आ.व.२०७६/७७ को गाउंपालिकाको वजेट शिर्षक नम्वर २९ को अध्ययन अवलोकन भ्रमण शिर्षकमा विनियोजन भएको ६ लाख रकम मध्य ६० हजार रकम वन्दिपुर होमस्टे अवलोकनको लागि विनियोजन गर्ने र उक्त भ्रमणमा मकवानपुरगढी गाउँपालिकाका तपसिल बमोजिमका व्यक्तिहरु सहभागी गराउने ।

| भ्रमणमा सहभागी व्यक्तिहरु | जना | कैफियत |
|---|---|---|
| गाउँपालिका अध्यक्षज्यू | १ जना | |
| प्रमुख प्रशासकिय अधिकृत | १ जना | |
| वडा अध्यक्ष वडा नं. २ र ४ | २ जना | |
| वडा सदस्य वडा नं. २ | ४ जना | |
| होमस्टे सञ्चालनका लागि छनौट गरिएका व्यक्तिहरु वडा नं. २ | ८ जना | |
| होमस्टे सञ्चालनका लागि छनौट गरिएका व्यक्तिहरु वडा नं. ४ | २ जना | |
| चालक | २ जना | |
| कार्यालय सहयोगी | १ जना | |
| **जम्मा** | **२१ जना** | |

विदुर हुमागाई
अध्यक्ष

Scanned with CamScanner